जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ५४ | २०८२ साल असोज २ बुधवार (September 18, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## धनगढीमा जेनजी शहीदप्रति श्रद्धाञ्जली, सडकलाई 'जेनजी मार्ग' नामकरणको घोषणा

**बिगूल समाचार**
**२ असोज २०८२**

धनगढी । धनगढी उपमहानगर पालिकाका मेयर गोपाल हमालले जेनजी आन्दोलनमा शहीद भएका वीर आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै धनगढीको एक प्रमुख सडकलाई 'जेनजी मार्ग' नामकरण गर्ने घोषणा गरेका छन् ।

मेयर हमालले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको पोस्टमा शहीदहरूको बलिदान केवल इतिहासमा सीमित नभई आजका पुस्ताको हृदयमा प्रेरणाको ज्योति बनेर उज्यालो फैलाइरहेको उल्लेख गरेका छन् ।

उनले न्याय, अधिकार र परिवर्तनका लागि जीवन अर्पण गर्नेहरूको साहसलाई सबैका लागि प्रेरणादायी रहेको बताएका छन् ।

उनका अनुसार धनगढी-१ स्थित जोशी मेडिकल चोकदेखि पार्क मोड कबर्ड हल हुँदै शहीद गेट क्याम्पस रोड छुने सडक (धनगढी उपमहानगर पालिकाद्वारा सञ्चालन गरिएको महिला उद्यम बजार क्षेत्र) लाई 'जेनजी मार्ग' नामकरण गर्ने प्रस्ताव कार्यपालिका बैठकमा पेश गरिनेछ । शहीदको सम्मान स्वरूप अघि सारिएको यो निर्णयलाई उनले सम्पूर्ण नगरवासीले आत्मसात गर्दै उक्त




सडक क्षेत्रमा 'जेनजी मार्ग' नाम प्रयोग गर्न पनि अपिल गरेका छन् । धनगढी उपमहानगरपालिकाले ऐतिहासिक बलिदानको स्मरणमा सडक नामकरणको पहललाई महत्वपूर्ण कदमका रूपमा लिएको छ ।


### स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा


## सुदुरपश्चिमका पहाडी जिल्लामा मनाइने बुन्दुनीमेला सम्पन्न

### बुन्दुनी पर्वको पौराणिक कथा र जनविश्वास

**किरण साउद**
**२ असोज २०८२**

डडेल्धुरा। डडेल्धुरासहित सुदूरपश्चिमका पहाडी जिल्लामा आज असोज १ गते परम्परागत 'बुढी पोल्ने' बुन्दुनी पर्व धुमधामका साथ सम्पन्न भएको छ। यो पर्वलाई दुष्ट शक्तिमाथि असल शक्तिको विजयको प्रतीकका रूपमा लिइन्छ। यो पर्वको तयारी भदौ १ गतेदेखि नै सुरु हुन्छ । यस दिन मेलको वा अन्य काँडा भएको रूख काटेर दोबाटो वा 'बुढी पोल्ने' स्थानमा गाडिन्छ । त्यसपछि गाईबस्तु चराउन जाँदा प्रत्येक दिन एक-एक झिकण (रूखका हाङ्गा वा साना बुट्यानहरू) काटेर ल्याई त्यसको वरिपरि थुपारिन्छ । यसरी तयार गरिएको संरचनालाई राक्षसको प्रतीक मानिन्छ ।

असोज १ गते बेलुका, गाउँका सबै मानिसहरू आ-आफ्नो घरबाट आगोको राँको (मुस्लो) निकाल्छन् । यस क्रममा उनीहरू मुखमा काँक्रा र चामल चपाउँदै "थुई बुढी थुई तु बढी म पोल्लो, गाई-बाछा पाल्लो" भन्दै बाहिर निस्किन्छन् । सबैजना आ-आफ्नो घरबाट आगोको राँकोसहित बुढी पोल्ने ठाउँमा जम्मा भएर त्यसलाई जलाउँछन्।




### बुन्दुनी पर्वको पौराणिक कथा र जनविश्वास

द्वापर युवमा भगमान श्रीकृष्णलाई मार्नका लागि मामा कंशले पुतना नामकी राक्षसीलाई वृन्द्रावनमा पठाएको र पुतनाले गाउँका सबै बालकलाई आफ्नो दुघ पिलाउदै मार्दै गरेपछी श्रीकृष्णले भाद्र १ गते पुतनाको सबै विष मिलाएको दुध खाएर पुतनाको बध गरेका थिए ग्वालाहरूले पुतनालाई ल्याएर दोबाटोमा राखे दैनिक गाई चर ाउन जादा एउटा एउटा काडाभएको रूखको हाँङ्गा काटेर ल्याएर त्यो पुतको शवमाथी राख्ने र एक महिना पछी असोज १ गते राती सबै ग्वाला (गोठाला) ले पुतनाको शवलाई जलाएका थिए भन्ने किम्बदन्ती छ। त्यसैले आजको दिनलाई दुष्टको विनास वा अन्तिम संस्कार गरेको घटनाको सम्झनामा यो पर्व मनाइने चलन चल्दै आएको हो । यो पर्व धार्मिक मात्र नभएर सुदूरपश्चिमको सामाजिक र सांस्कृतिक एकताको पनि महत्त्वपूर्ण हिस्सा हो । यस दिन रातभरि देउडा जस्ता सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिन्छ, जसले गाउँलेहरूलाई सँगै ल्याएर आपसी सद्भाव बढाउन मद्दत गर्छ ।


### अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा



### दुर्गाथली गाउँपालिका बझाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
,बझाङ्ग

## सम्पादकीय

# रूपान्तरणको मोडमा दलहरू : समयमै नेतृत्व हस्तान्तरणको अपरिहार्यता

नेपालको शान्ति, सुरक्षा तथा प्रशासनिक गतिविधि बिस्तारै लयमा फर्किँदै छ। तर, राजनीतिक अनिश्चितता भने अझै पनि अन्त्य भएको छैन। आन्दोलनकारी शक्तिको सिफारिसमा बनेको अन्तरिम सरकारले ताजा जनादेशका लागि आमनिर्वाचनको मिति घोषणा गरिसकेको छ। तर, प्रमुख राजनीतिक दलहरू अझै पनि 'पर्ख र हेर'को अवस्थामा छन्। प्रमुख दलहरूले प्रतिस्पर्धामा भाग नलिएर लिइएको जनादेश स्थायी समाधान नहुने कुरा स्पष्ट छ। यसरी मुलुकलाई ठिक बाटोमा लैजान प्रमुख दलहरूले आफूलाई जिम्मेवार ठहर गर्दै सहजीकरणको वातावरण बनाउनु अपरिहार्य छ। प्रधानमन्त्री सुशीला कार्कीले पनि यो सहजीकरणमा चुक्न हुनेछैन त्यस्तै दलहरूले पनि उनको मिशनलाई सहज बनाउन चुक्नु हुँदैन।

प्रधानमन्त्री कार्कीलाई आन्दोलनकारी शक्तिको माग पन्छाएर अघि बढ्ने ठोस म्यान्डेट, नैतिकता वा सामर्थ्य छैन। उनको गृहकार्य स्पष्ट छ। ६ महिनाभित्रै ताजा जनादेशमार्फत दलीय आधारमा नयाँ सरकार गठन गर्ने। यसरी हेर्दा आन्दोलनकारी नवयुवाले संविधान खारेज होइन, दलीय शासन व्यवस्थाभित्र सुधार र रूपान्तरण चाहेको प्रमाणित हुन्छ। तर, प्रमुख दलहरूले समयमै सुधार गर्नुको सट्टा बेथितिलाई संस्थागत गरेकै कारण आजको परिस्थिति उत्पन्न भएको हो।

युवापुस्ताको भावनाअनुसार सुधारको माग बलियो बनेको छ। ढिलै भए पनि दलहरूको दोस्रो पुस्ताका नेताबाट रूपान्तरणको प्रतिबद्धता सार्वजनिक हुन थालेको छ। तर, केवल वक्तव्य वा विज्ञप्तिले मात्रै पुग्दैन। खासगरी नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो नेतृत्वलाई परिवर्तन गर्दै आन्तरिक रूपान्तरणको थालनी गर्न जरुरी छ। यद्यपि, तत्कालै नेतृत्व हटाउन विधान र संरचनागत अड्चन रहेका छन्। त्यसैले नैतिक बहिर्गमन नै सहज निकास बन्न सक्छ।

अहिले दशैँ, तिहार, छठलगायतका मुख्य पर्वको सिजन सुरु भइसकेको छ। यसबीच दलहरूले विधानले दिएको सम्पूर्ण प्रक्रिया पूरा गरेर पुसभित्र नयाँ नेतृत्व चयन गर्ने समय पाउन कठिन छ। अर्कोतर्फ २१ फागुनमा तोकिएको आमनिर्वाचनलाई पनि हेक्का राख्नैपर्छ। यस कारण दलहरूले अझै ढिलाइ नगरी नेतृत्व हस्तान्तरणको बाटो रोज्नु नै उचित हुन्छ।

नेपालको बहुदलीय व्यवस्थाको आधार स्तम्भ दलहरू नै हुन्। तर, दलहरू सत्तासंघर्षका साधनमा मात्र सीमित हुँदा र नेताहरू व्यक्तिगत स्वार्थमा डुब्दा आजको अवस्था आएको हो। योग्य र इमानदारहरूको बाहुल्य दलमा भएन भने शासन व्यवस्थामा पनि त्यस्तै पात्र पुग्दैनन्। विगतमा जनअधिकारका लागि ठूलो बलिदान गरेका दलहरू सत्ता अभ्यासमा पुगेपछि भने भ्रष्ट र बेइमानहरूको कब्जामा अड्किएका छन्। जबसम्म यस्ता पात्रहरूको वर्चस्व तोड्ने संयन्त्र र विधि निर्माण गरेर व्यवहारमा उतारिँदैन, तबसम्म यो अवस्था दोहोरिरहन्छ।

देशलाई योगदान गर्ने स्वयंसेवी भावनासहितको नेतृत्व दलमा प्रमुख रूपमा नआएसम्म रूपान्तरण सम्भव हुँदैन। प्रमुख दुई-तीन दलमै यदि योग्य र इमानदारहरूको बाहुल्यता बढ्यो भने मुलुकको लोकतान्त्रिक अभ्यास खतरामुक्त हुन्छ। युवापुस्ताले खोजेको रूपान्तरण यही हो। दलहरूले आफ्नो आन्तरिक सुधारमार्फत देशलाई सक्षम नेतृत्व दिनु।

आजको विषम परिस्थितिमा दलहरूले चाँडै निर्णय गर्न जरुरी छ। नेतृत्व बहिर्गमन र नयाँ पुस्ताको उदय मात्र मुलुकलाई स्थायित्व दिन सक्छ। नत्र फेरि आन्दोलनकारी शक्तिको भरोसा हराउँदै जानेछ र यसले लोकतन्त्रकै भविष्य प्रश्नवाचक चिन्ह खडा गर्ने छ। त्यसैले राजनैतिक नेतृत्वले मार्ग प्रसस्त गरेर नयाँ नेतृत्व सहित नयाँ जनादेशमा जानु पर्ने अवस्था आउँछ। पुरानै शैली र पुरानै नेतृत्वमा चुनावमा गए पतन निश्चत छ। सबैलाई चेतना भया।

# जेनजी आन्दोलन र अबको परिदृश्य

## सरकारले आर्थिक उन्नतिका लागि पूर्वाधार विकास, प्रभावकारी र चुस्त प्रशासनिक सेवा, राज्यको दीगो हित अनुकूलको परराष्ट्र नीति, प्रभावकारी र सजग सुरक्षा नीति तत्कालै अवलम्वन नगर्ने हो भने देशमा झन् अस्थिरता हुँदै द्वन्द्व सृजना हुन सक्छ।



**डा. लक्ष्मणसिंह कुँवर**

नेपालमा २००७, २०३५/३६, २०४५/४६, २०५२ देखि २०६२ सालसम्म र २०६२/०६३ को ७ दल र माओवादीको संयुक्त आन्दोलनहरू भए। यिनका अलवा जयतु संस्कृतम्, मधेस आन्दोलन, गुठी विधेयक, राजतन्त्र पुनःस्थापनाका सम्बन्धमा भएका आन्दोलनहरू पनि चर्चित रहे। हालै सरकारले सामाजिक सञ्जालहरूलाई दर्ता प्रक्रियामा आउन गरेको आह्वान, दर्ता प्रकृयामा नआएपछि लगाइएको प्रतिबन्धपश्चात् जेनजीको अगुवाइमा सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धको फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासनको मागसहित गरिएको प्रदर्शनमा प्राप्त जानकारीअनुसार ७० भन्दा बढी युवाहरूले ज्यान गुमाए, २०० भन्दा उपचाररत छन्।

स्थानीय, प्रदेश र संघीय सरकारहरूका प्रायःजसो संरचनाहरू ध्वस्त भए। कैयन् नेताहरूका आवास भवनहरू ध्वस्त बनाइए। प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए। जेनजीले सरकारी भौतिक संरचनाको क्षति र बन्दीहरूलाई जेलबाट निस्कने कुरामा आफूहरूको कुनै अभियान र संग्लनता नभएको उल्लेख गरेका छन्। यस भनाइबाट जेनजीको आन्दोलनमा चरम घुसपैठ भएको देखिन्छ। माओवादी 'जनयुद्ध'को नाममा भएका भौतिक संरचनामा गरेको विध्वंशलाई समेत बिर्साउने गरी सरकारी संरचनाहरू ध्वस्त भएका छन्। देशको हालको आर्थिक अवस्थामा यी संरचनाहरूको निर्माण/पुनःनिर्माण त्यति सहज देखिँदैन। सुरुमा नेतृत्वविहीन भनिएका जेनजी आन्दोलनमा संलग्न विभिन्न समूहहरूले आन्दोलनबाट प्राप्त उपलब्धिलाई के कसरी संस्थागत गर्दछन् यसले नै नेपालको भविष्य निर्धारण हुनेछ। हाम्रा ठुला राजनीतिक दल र तिनका नेतृत्वले देखाएको पदलोलुपता, शब्दमा मात्र सीमित सुशासन, पटकपटकको उपलब्धिविहीन सरकार परिवर्तन, बढ्दो बेरोजगारी र छिन्नभिन्न पारिएका सेवा प्रदायक सरकारी संयन्त्र, राजनीतिक दलका नेता कार्यकर्ताको देखिने गरी बढ्दो बिलासी जीवनशैलीजस्ता कारणबाट नै यस प्रदर्शनले उत्कर्ष रूप लिएको मान्न सकिन्छ।

जेनजी प्रदर्शनको क्रममा ऐतिहासिक तथा पुरातात्विवक सरकारी संरचनाहरूसमेत ध्वस्त भए। नेतृत्व तहमा रहेका नेताहरूका घर/निवासहरू तोडफोड/आगजनी भए। राष्ट्रिय उद्योगपतिका उद्योग तथा कलकारखानाहरू ध्वस्त पारिए। यसले हजारौँको संख्यामा रोजगारीमा रहेकालाई बिस्थापित मात्र गरेको छैन, आगामी दिनमा नीजिस्तरबाट लगानी र रोजगारी सृजना हुने विषयमा अन्योलको अवस्था सिर्जना गरिदिएको छ। राज्यले सरकारी स्वामित्वमा रहेका कलकारखानाहरू निजीकरण (३० भन्दा बढी) गर्ने र निजी क्षेत्रले उद्योगधन्दा तथा कलकारखानाहरू चलाउने बातावरण सृजना नभएको अवस्थामा हामी छौँ। यसबाट देशभित्र रोजगार र स्वरोजगार सृजनाको सही, स्थायी र सुरक्षित गोरेटो कोर्न हालसम्म नसकेको चरणबाट हामी गुज्रिरहेका छौँ। यो समस्याको समयमै सही ठम्याइ र उपचार नहुने हो भने आप्रवासन/वैदेशिक रोजगारमा जानेको संख्या झनै बढ्ने निश्चित छ।

सत्ता सम्हालेका राजनीतिक दलहरूले आफैँले सार्वजनिक रूपले व्यक्त गरेका प्रतिवद्धता, आआफ्ना दलहरूको चुनावी घोषणापत्र तथा संविधानको लक्ष्यअनुरूप आशातीत रूपमा कार्य गर्न सकेनन्। त्यसैले दलहरूप्रति वितृष्णा फैलियो। तर यथार्थमा मूल राजनीतिक दलका नेतृत्वले पटकपटक नेतृत्व कब्जा गर्दै प्रजातान्त्रिक समाजवाद, जनवाद, माओवाद, लोकतन्त्रको बहाना र विगतमा गरेका त्यागको बदलामा सधैँभरी पद रहिरहनुपर्ने परिपाटीले गर्दा हाल समग्र पार्टी कार्यकर्ता पंक्ति र समर्थक समेतले शीर निहुर्‍याउनुपर्ने अवस्था अप्रत्यासित रूपमै आइलागेको छ। जेनजी प्रदर्शनले ठुला भनिएका राजनीतिक दलका मूल नेतृत्व तह विस्थापित हुनुपर्ने वा अवकाश लिनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरिदिएको छ। समकालीन नेपाली राजनीतिमा राजनीतिक दलहरूको विकल्प छैन, तर आगामी दिनमा दलहरू के कस्ता कार्ययोजनासहित पुनर्गठित हुन्छन्, यसमा नै उनीहरूको अपरिहार्यता निर्भर हुनेछ। विगतमा कुनै पनि राजनीतिक र सामाजिक परिवर्तन राजनीतिक दलहरूले अबलम्बन गर्ने दर्शन र सिद्धान्तका आधारमा वा उनीहरूका प्रदर्शन/आन्दोलन/क्रान्तिबाट हुन्छ भन्ने गरिन्थ्यो। तर बंगलादेश, श्रीलंका र नेपालमा जेनजी उमेर समूहका युवाहरूको नेतृत्वमा भएका प्रदर्शनले त्यो स्थापित भाष्यमा परिवर्तन ल्याइदिएको छ। अर्थात् बेथिति र समन्यायका लागि युवाहरूले पनि आन्दोलनमार्फत परिवर्तन गर्न सक्दारहेछन् भन्ने मान्यता स्थापित भएको छ। यद्यपि यसले देश/समाजमा दीर्घकालीनरूपमा सकारात्मक वा नकारात्मक प्रभाव वा परिवर्तन के ल्याउने हो त्यो भने हेर्न बाँकी नै छ।

अहिले प्रतिनिधिसभा मात्र विघटित छ। प्रदेशसभा के हुने भन्नेमा एकमत छैन। राजनीतिक दलहरूले यसका सम्बन्धमा गर्ने समर्थन वा प्रतिवादको के प्रभाव पर्नसक्छ भन्ने कुराको आकलन गर्न जरुरी छ। यसले नै २१ फागुनमा निर्वाचन सम्पन्न हुने वा नहुने भन्ने कुरा निर्धारण गर्नेछ। यस अन्तरिम सकारलाई एकातिर निर्धारित समयमै निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यात्मक समयसीमा छ भने अर्कोतिर केन्द्रदेखि स्थानीय तहसम्म तोडफोड गरिएका वा जलाइएका भौतिक संरचनाहरूको आवश्यक पुनःनिर्माण गरी जनसेवा दिनुपर्ने छ। यही क्रममा राजनीतिक दलहरूका दोस्रो/तेस्रो तहका नेताहरूले प्रतिनिधिसभाको विघटन सम्बन्धमा आपत्ति जनाइसकेका छन्, यो पनि एक विचारणीय पक्ष हो।

सरकारको परिवर्तन मात्र हुने तर जनस्तरमा केही पनि सकारात्मक उपलब्धिका संकेत नदेखिने परिस्थिति निर्माण भयो भने प्रदर्शन गर्ने जेनजी समूह मात्र होइन समग्र जनता र देशले अकल्पनीय दुर्भाग्य बेहोर्नुपर्ने निश्चित छ। त्यसैले सरसर्ती हेर्दा लाग्छ, बिगारिएको/बिग्रेको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाबाट मुलुकलाई सही मार्गमा ल्याउनु निकै चुनौतीपूर्ण कार्य हो। मूलतः सरकार र राजनीतिक दलहरूको आपसी सहकार्यवाट मात्र जेनजीका मागहरू सम्बोधन गर्न सकिन्छ, तर यो भन्दाअगाडी राजनीतिक दलहरूले पुनर्गठित भई यस अभियानका सम्बन्धमा आ-आफना कार्ययोजना सहितको प्रतिबद्धता सार्वजनिक गर्न जरुरी छ।

वर्तमान परिस्थिति निम्तिनुमा मूलतः ठुला राजनीतिक दलको नेतृत्व तह नै जिम्मेवार छ। विगतमा सम्पन्न भएका चुनावहरूमा जनताको म्यान्डेट एकातिर र सरकारको गठन र सहभागिता अर्कोतिर, दलका लिखित दस्तावेज, मार्गदर्शक सिद्धान्त र आदर्श एकातिर व्यवहार र क्रियाकलाप अर्कोतिर भएको यथार्थ हो। एउटै विषय र सन्दर्भमा पनि सरकारमा रहँदा र सरकार बाहिर रहँदा फरकफरक धारणा र अभिव्यक्ति दिनु ठुला राजनीतिक दलका नेतृत्व पंक्तिको जीवनशैली नै बन्यो। पछिल्लो समय, दलहरूमा छताछुल्ल हुने गरी देखिएको आन्तरिक विवाद र यसलाई समयमै समाधान गर्न नसक्ने दलहरू र यिनका नेतृत्व तहले गर्दा जनमानसमा थप निराशा ल्याउने काम गर्‍यो। जनतामा व्याप्त यी र यस्तै निराशालाई आक्रोशमा परिणत गर्ने वातावरण जेनजी प्रदर्शनले दियो। देशव्यापी रूपमा भौतिक संरचनामा ठुलो क्षति हुनुमा यो कारण पनि एउटा हुन सक्छ। पनि यस प्रदर्शनले सरकारका महत्वपूर्ण निकायहरू र सरकारी सूचना संयन्त्रहरू कति कमजोर बनाइएका रहेछन् भन्ने वास्तविकता उजगार गर्‍यो।

विगतमा भएका प्रदर्शन, आन्दोलन र सरकार परिवर्तनसँगै नेपालले केही न केही गुमाउँदै आएको तथ्य छ। कोसी, गण्डकी, महाकाली सम्झौता, सीमा अतिक्रमण, नागरिकता समस्या समाधानको नाममा पटकपटक ल्याइएका विधेयकहरू कार्यान्वयन आदि यसका उदाहरण छन्। जेनजी प्रदर्शनबाट आएको सरकारले यसतर्फ निश्चित रूपमा विशेष ध्यान दिन जरुरी छ। भू-राजनीतिको हिसाबले विश्व मानचित्रमा अत्यन्त महत्व राख्ने नेपालको भौगोलिक अवस्थितिले छिमेकी भारत र चीन मात्र नभई अमेरिका, युरोपेली संघ, विभिन्न दातृ निकायहरूको बढ्दो चासो विगतदेखि नै रहँदै आएको छ। हाल आएर विश्व राजनीतिमा शक्ति सन्तुलनको फेरबदल हुने क्रम जारी छ। यो सन्दर्भमा इन्डो-प्यासिफिक रणनीति, एमसिसी, बिआरआई, जिएसआईको विश्वमा बढ्दो प्रतिस्पर्धा र हाम्रो सन्दर्भमा निष्क्रिय सार्क, संयुक्त राष्ट्रसंघको क्रमशः घट्दो छवी र प्रभावका साथै असंलग्न आन्दोलनको निष्कृयताले हाम्रोजस्तो मुलुकलाई पर्न सक्ने जोखिमको आकलन गर्नु जरुरी छ। आन्तरिक रूपमा राजनीतिक अस्थिरता, बेरोजगारी, पेसागत क्षमताको अभिवृद्धिभन्दा राजनीतिकरण र यसको बचाउ, दलहरूभित्रको बढ्दो आन्तरिक विवाद, दलहरूको सत्ताकेद्रित स्वार्थ, शिक्षा र स्वास्थ्य क्षेत्रको उपेक्षा, राज्यको हीत अनुरूपका साझा आर्थिक र परराष्ट्र नीतिको अभावले हाम्रो राष्ट्रिय सुरक्षामा चुनौती थपेका छन्। मुलुकको सुरक्षाको अवस्था

## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरु

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको ब्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट ब्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित ब्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक ब्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका ब्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक ब्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## जनहितमा जारी सन्देश

**भू-क्षयले जमिन नाङ्गो बनाउँछ, उर्वरता घटाउँछ र बस्ती जोखिममा पार्छ। आउनुहोस्, वृक्षारोपण र उचित भूमि ब्यवस्थापन गरी यसलाई रोकौं, भावी पुस्ताका लागि धर्ती जोगाऔं।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**भू तथा जलाधार ब्यवस्थापन कार्यालय डडेल्धुरा**

## मालपोत कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- आफ्नो जग्गाधनी दर्ता, नामसारी, क्षेत्रफरक, मोही नाम काट्टा लगायतका कामहरू समयमै गरौं
- आफ्नो जग्गाको फरक नाप तथा सिमाना प्रष्ट राखी भविष्यमा हुने विवादबाट जोगिऔं ।
- मालपोत तिर्नु नागरिकको कर्तव्य हो, समयमै मालपोत बुझाएर जरिवाना र झन्झटबाट बचौं ।
- मालपोत सम्बन्धी सेवा लिन आउँदा आवश्यक कागजातहरू साथमा ल्याई सेवा छिटो पाउँ ।
- अनलाइन सेवा सुविधा प्रयोग गरी घरमै बसेर मालपोतको पूर्व जानकारी लिई समय र खर्च बचत गरौं ।
- सरकारी कर तथा दस्तुर तोकिएको मापदण्डअनुसार मात्र बुझौं, अनावश्यक शुल्क तिर्न बाध्य नहौं ।
- हाम्रो उद्देश्यः जनताको हक-अधिकार संरक्षण गर्दै पारदर्शी, सहज र छिटो सेवा प्रदान गर्नु हो ।

नेपाल सरकार
भूमि ब्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि ब्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, डडेलधुरा

## आन्दोलन र अबको परिदृश्य..........

कस्तो रहेछ भन्ने दृष्टान्त जेनजीको नाममा भएको आन्दोलनले प्रष्ट देखाइसेको छ। तसर्थ आर्थिक उन्नतिका लागि पूर्वाधार विकास, प्रभावकारी र चुस्त प्रशासनिक सेवा, राज्यको दीगो हित अनुकूलको परराष्ट्र नीति, प्रभावकारी र सजग सुरक्षा नीति सरकारले तत्कालै अबलम्बन नगर्ने हो भने देशमा झन् अस्थिरता हुँदै द्वन्द्व सृजना हुन सक्छ । यसतर्फ सरकार, राजनीतिक दलहरूले समयमै नसोच्ने हो भने भू-रणनीतिक हिसाबले अत्यन्तै महत्व राख्ने नेपाल विदेशीको क्रिडास्थाल बन्न सक्छ। यस सन्दर्भमा वर्तमान प्रधानमन्त्री सुशीला कार्कीले पदबहालीको क्रममा 'कुनै पनि नेपालीले यसरी देशको भौतिक सम्पत्तिको क्षति गर्न सक्दैन' भन्ने भनाइले पनि केही अर्थ राख्दछ ।

अन्त्यमा, जेनजी प्रदर्शनमार्फत युवाहरू जागरुक भई शान्तिपूर्णरूपमा हुने भनिए तापनि परिणामतः अकल्पनीय रूपमा सरकारी र निजी भौतिक सम्पत्तिको क्षति भयो । यस प्रदर्शनले ठुला राजनीतिक दलहरूका नेतृत्वको कमजोरीका कारण देश समस्याग्रस्त भएको यथार्थ उजागार गर्दै वैदेशिक रोजगार देशको बेरोजगार समस्याको समाधान नभएको प्रष्ट सन्देश दिएका छन् । जेनजी पुस्ता व्यक्तिगत स्वार्थपूर्तिको समूह नभएको प्रष्ट पारेका छन्। तर देश झनै संकटतर्फ उन्मुख भयो भने वर्तमान जेनजीहरू उपयोग मात्र भएका रहेछन् भन्ने आगामी दिनमा तथ्यहरूले प्रमाणित नगरुन् । सकारात्मकताका साथ सोचौं । अब त्यस्तो नहोस्, देश समृद्धितर्फ उन्मुख होस् ।

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा

## मुक्तकः आह्वान




भ्रष्ट, दलाल माफियालाई कठै पनि भन्दै नभन
राष्ट्र भक्त युवाहरु दलालका कुरा सुन्दै नसुन।

माग्छिन् भने नेपाल आमा फेरि रगत बगाउने छौं
सुशासनको दियो बाल्न हरेक युवा सघाउने छौं।

होली खेल्यो सरकारले युवाका रगतमा
नेपालका भ्रष्टले कृति रच्यो जगतमा।

भन्छौ तिमी लोकतन्त्र जनताकै लागि,
सडकमा जनता मारी कहाँ गयौ भागी।

भन्छौ तिमी गणतन्त्र देश अनि जनताकै लागि,
दलालका मुठीबाट खोसौं युवा अब गणतन्त्रको चाबी।

कयौं आमा सन्तानबिहिन बनाई दियो गणतन्त्रले,
लट्ठ परे भ्रष्टहरु विदेशीका मन्तर अनि तन्तरले।

भ्रष्टका नियतले देशको माथ झुकेको छ,
तिम्रा जाली गणतन्त्रमा हत्या हिंसा लुकेको छ।

जनताको लोकतन्त्र ल्याउनु पर्छ अब,
देशले नै मुहार फेर्छ जाग्छ युवा जब।

मुक्तक स्रष्टाः
दिनेश कुमार देउवा
सायल गाउँपालिका १ कौराडी डोटी

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रुपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा